नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

# नेपालगंज, बाँके ।

# बार्षिक प्रगति प्रतिवेदन

## २०८१

(२०८० श्रावण देखि २०८१ असार मसान्त सम्मको कार्यसम्पादन प्रतिवेदन)



# विषय सूची



| सि.नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | बाँके जिल्लाको संक्षिप्त परिचय | १ |
| २. | जिल्ला प्रशासन कार्यालय, बाँकेको स्वरुप र प्रकृति | २ |
| ३. | जिल्ला प्रशासन कार्यालय, बाँकेको काम, कर्तव्य र अधिकार | ३ |
| ४. | जिल्ला प्रशासन कार्यालय, बाँकेको सांगठनिक संरचना | ४ |
| ५. | जिल्ला प्रशासन कार्यालय, बाँकेको स्वीकृत दरवन्दी र शाखागत विवरण | ५ |
| ६. | जिल्ला प्रशासन कार्यालय, बाँकेमा रहेका शाखा र जिम्मेवार अधिकारी | ६ |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ७ |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ८ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ९ |
| १०. | सम्पादन गरेको मुख्य कामको विवरण | १० |
| ११. | जिल्ला प्रशासन कार्यालयसंग सम्वन्धित ऐन, नियम, विनियम, वा निर्देशिकाहरु, कानुनहरु | १५ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | १५ |
| १३ | शान्तिसुरक्षा एवम् सुशासन तर्फ सम्पादन भएका कार्यहरु | १८ |
| १४. | अन्य विवरण | २१ |
| १५. | केही तस्बिरहरु | २२ |

# १. बाँके जिल्लाको संक्षिप्त परिचय

साविक मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अंचलका पाँच जिल्लाहरु मध्यको बाँके जिल्ला एक हो । यस जिल्लाको उत्तरमा सुर्खेत, पूर्वमा दाङ ,पश्चिममा बर्दिया र दक्षिणमा भारत, उत्तर प्रदेशको बहराईच र श्राबस्ती जिल्ला पर्दछन् । नँया संघीय संरचना अनुसार बाँके जिल्ला लुम्बिनी प्रदेश अन्तरगत रहेको छ । साथै यस जिल्लामा १ वटा उप-महानगरपालिका, १ वटा नगरपालिका र ६ वटा गाँउपालिका रहेका छन् । यस जिल्लाको कुल क्षेत्रफल २३३७ वर्ग कि.मि.छ भने जिल्लाको कुल जनसंख्या ६,०३,१९४ (२०७८ सालको जनगणना अनुसार) रहेको छ । जसमा पुरुषको संख्या २,९६,७४५ र महिलाको संख्या ३,०६,४४९ रहेको छ । यस जिल्लाको जनघनत्व २१० जना प्रतिबर्ग कि.मि.रहेको छ । यस जिल्लाका राप्ती, डुडुवा र जेठी मुख्य नदीनालाहरु हुन् । विशेष गरी राप्ती नदीले किनारामा पर्ने दुवै तर्फको अधिकाँश गाँउ तथा खेती योग्य भू-भागलाई वर्षायाममा डुबान तथा कटान गरी ठुलो क्षेति पुर्‍याउने गर्दछ । यस जिल्लामा ८६ कि.मी. पुर्वपश्चिम राजमार्ग,४५ कि.मी. रत्न राजमार्ग र नेपालगंज—गुलरीया ३६ कि.मी. गरी जम्मा १६७ कि.मी राजमार्ग पर्दछ । यस जिल्लामा विभिन्न जातजाती तथा धर्मावलम्वीहरुको बसोबास रहेको छ ।

जातीय आधारमा यस जिल्लामा सबैभन्दा बढी थारु, मुसलमान, यादव र कुर्मि रहेका छन् । हाल विविध कारणहरुले गर्दा बसाई सराईमा व्यापकता आई साबिकको मध्यपश्चिम क्षेत्रका पहाडी जिल्लाहरुबाट आएका मिश्रीत जातिहरुको बाहुल्यता हुन थालेको छ । नेपालगंज बजारमा भने बढी मात्रामा मुश्लिम समुदायहरुको बसोबास रहेको छ भने शैक्षिक स्तरको मुल्याङ्कन गर्दा ग्रामीण क्षेत्रमा शैक्षिक स्तर न्युन रहेको पाईन्छ । यस जिल्लाका मुख्य धार्मिक स्थलहरु बागेश्वरी मन्दिर, भुवरभवानि मन्दिर, कम्मरसा बाबा मन्दिर रहेका छन् । यस जिल्ला भित्रको धार्मिक स्थिति मिश्रित देखिन्छ । जिल्लाको कुल जनसंख्या मध्ये हिन्दु (७८.९%), ईस्लाम (१८.७%), बौद्ध (०.७%), क्रिश्चियन (१.६%) तथा किराँत (०.०२%) रहेका छन्।

बांके जिल्लाको नक्सा:



- प्रतिनिधि सभा निर्वाचन क्षेत्र - ३
- प्रदेश सभा निर्वाचन क्षेत्र - ६
- उपमहानगरपालिका - १
- नगरपालिका - १
- गाउँपालिका - ६
- जनसंख्या - ६,०३,१९४ (२०७८ सालको राष्ट्रिय जनगणना अनुसार)
- मतदाता संख्या - ३,३३,६९९ जना
- घरधुरी संख्या - ९४७७३
- जनघनत्व - २१० प्रति बर्ग कि.मी.
- साक्षरता - ७३.४% (पु. ७९.६/म.६७.५)

## २. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति :


जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा अर्धन्यायिक निकायको रुपमा रही न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

जिल्ला प्रशासन कार्यालय, बाँकेबाट यस जिल्लामा शान्ति सुरक्षा/आपराधिक गतिविधि नियन्त्रण, विपद् व्यवस्थापन, प्रभावकारी सेवा प्रवाह, विकासात्मक गतिविधिहरुमा समन्वय तथा सुशासन लगायतका विषयमा कार्य गर्ने गरी **वार्षिक कार्ययोजना २०८१ तयार** गरी सेवा प्रवाहलाई व्यावसायिक तथा जनमैत्रीरुपमा प्रवाह गरिदै आएको छ ।

## ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार :

- जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने सम्बन्धी कार्य,
- स्थानीय प्रशासन सञ्चालन सम्बन्धी कार्य,
- नेपाली नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्र वितरण सम्बन्धी कार्य,
- राहदानी सम्बन्धी सेवा प्रदान सम्बन्धी कार्य,
- आदिबासी जनजाती, दलित, अपांगताको सिफारिस सम्बन्धी कार्य,
- हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी कार्य,
- संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्य,
- विपद् व्यवस्थापन सम्बन्धी कार्य ,
- अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी कार्य,
- सुशासन / सार्वजानिक सेवा प्रवाह सम्बन्धी कार्य ,
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य,
- लागू औषध नियन्त्रण तथा अवैध घरेलु मदिरा नियन्त्रण सम्बन्धी कार्य,
- सरकारी कार्यालयहरुको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य,
- बाल कल्याण तथा बाल अधिकार सम्बन्धी कार्य,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य,
- विस्फोटक पदार्थ सिफारिस र नियमन सम्बन्धी कार्य,
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन सम्बन्धी कार्य,
- कल्याण धन र बेवारिसी धनको व्यवस्थापन सम्बन्धी कार्य,
- चिठ्ठा, जुवा आदिको नियन्त्रण सम्बन्धी कार्य,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण सम्बन्धी कार्य,
- जिल्ला स्तरमा सार्वजनिक उत्सव सञ्चालन सम्बन्धी कार्य,
- मुआब्जा निर्धारण तथा वितरण सम्बन्धी कार्य,
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस सम्बन्धी कार्य,
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत सम्बन्धी कार्य,
- जिल्ला स्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण सम्बन्धी कार्य,
- स्थानीय तहसंगको समन्वयमा जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन सम्बन्धी कार्य,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण सम्बन्धी कार्य,
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग सम्बन्धी कार्य,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय तथा सूचना सङ्कलन र विश्लेषण सम्बन्धी कार्य,
- विकास निर्माण कार्यमा सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने सम्बन्धी कार्य,।
- हिंस्रक जन्तु मार्ने सम्बन्धी कार्य,
- सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने सम्बन्धी कार्य,
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन सम्बन्धी कार्य,
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित अन्य कार्यहरु ।

## ४. जिल्ला प्रशासन कार्यालय, बाँकेको सांगठनिक संरचना :



## ५. जिल्ला प्रशासन कार्यालय, बाँकेको स्वीकृत दरबन्दी विवरण तथा शाखागत कार्यविवरण :

| सि.नं. | पद | स्वीकृत दरबन्दी संख्या | स्थायी पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | २ | २ | |
| ३ | प्रशासकीय अधिकृत | ४ | ३ | |
| ४ | नायव सुब्बा | १२ | ११ | १ लोकसेवा माग |
| ५ | लेखापाल | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | ३ | ३ | |
| ७ | खरिदार | ६ | ६ | |
| ८ | हलुका सवारी चालक | ३ | १ | (२ करारमा पदपुर्ति) |
| ९ | कार्यालय सहयोगी | ८ | २ | (६ करारमा पदपुर्ति) |
| **जम्मा** | | ४० | ३० | |

## ६. जिल्ला प्रशासन कार्यालय, बाँकेमा रहेका शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | पद | कर्मचारीको नाम, थर | सम्पर्क नं. | कार्यरत फाँट | कोठा नं. |
|---|---|---|---|---|---|
| १. | प्र.जि.अ. | खगेन्द्र प्रसाद रिजाल | ९८५८०२७७७७ | | २०३ |
| २. | स.प्र.जि.अ. | जोरा सिंह माझी | ९८५८०२०१८८ | | २०१ |
| ३. | स.प्र.जि.अ. | लाल बहादुर गुरुङ्ग | ९८५८०७०१८८ | | २०५ |
| ४. | प्र.अ. | राम कुमार सोनकर | ९८४८०२२३३२ | राहदानी/रा.प.प/मुद्दा/ठाडो उजुरी | ११० |
| ५. | प्र.अ. | बिनिता यादव | ९८४१७३८९७६ | नागरिकता/प्रतिलिपी/स्था प्र./क.प्र. | १०७/२०४ |
| ६. | प्र.अ. | मैता बहादुर गुरुङ्ग | ९८६००१९७२५ | नयाँ नागरिकता/विपद् व्यवस्थापन | १०१ |
| ७. | लेखापाल | विश्व प्रकाश ढकाल | ९८४८०२६१०१ | आर्थिक प्रशासन | ३०३ |
| ८. | ना.सु. | खड्क बहादुर बस्नेत | ९८४८०१७१६६ | मुद्दा | १०९ |
| ९. | ना.सु. | गिता चौधरी | ९८२२४९८८३० | स्थानीय प्रशासन | २०४ |
| १०. | ना.सु. | शमशुल हक खाँ | ९८१२५०५३७४ | नागरिकता/प्रतिलिपि | १०६ |
| ११. | ना.सु. | माधव सिंह | ९८५८०३५७५५ | नागरिकता/प्रतिलिपि | १०६ |
| १२. | ना.सु. | वेदेश्वर गौतम | ९८५८०३१५१० | कर्मचारी प्रशासन/स्थानीय प्रशासन | २०४ |
| १३. | ना.सु. | सडिल महरा | ९८५७८८६६९९ | राहदानी | १०३ |
| १४ | ना.सु | सीमा शर्मा | ९८४८१३३४१९ | राष्ट्रिय परिचय पत्र | १११ |
| १५. | ना.सु. | दिपशरण बुढाथोकी | ९८४५०१६०११ | ठाडो उजुरी | |
| १६. | ना.सु. | शिव कुमार गुरुङ्ग | ९८५८०३१००७ | राहदानी | १०३ |
| १७. | क.अ. | हरिशरण लामिछाने | ९८४८०२१२१० | आइ.टी (मुद्दा) | १०९ |
| १८ | क.अ. | विक्रम कुमार सुनार | ९८६८२४९२५८ | कर्मचारी प्रशासन/स्थानीय प्रशासन | २०४ |
| १९. | क.अ. | तेज कुमारी खड्का | ९८४७९६२३१८ | नयाँ नागरिकता | १०८ |
| २० | खरिदार | तुलसीराम चपाई | ९८५८०३५३४५ | प्र.जि.अ. सचिवालय/जिन्सी | २०३ |
| २१. | खरिदार | पुष्पराज थारु | ९८४९१३१६४४ | राहदानी | १०३ |
| २२. | खरिदार | नहकुल वली | ९८४८०६९४७८ | नागरिकता/प्रतिलिपि | २०४ |
| २३. | खरिदार | कल बहादुर चौधरी | ९८४८२२०१४४ | प्रतिलिपी | १०८ |
| २४ | खरिदार | धन बहादुर थापा | ९८४४८३६४३० | नयाँ नागरिकता | १०८ |
| २५. | खरिदार | दिपक कुमार खड्का | ९८६८२९६६३१ | दर्ता/चलानी | १०५ |
| २६. | क.अ. | सुशिला वली क्षेत्री | ९८६८००७५०३ | राष्ट्रिय परिचय पत्र | १११ |
| २७ | ह.स.चा. | राजेश नकर्मी | ९८६४८१६१३० | | |
| २८ | ह.स.चा. | गणेश गिरी | ९८४८०३१२९७ | | |
| २९ | ह.स.चा | दान बहादुर कार्की | ९८४८३९९८८९ | | |
| ३०. | का.स. | शिवराम शर्मा | ९८४८२२३३०५ | प्र.जि.अ. सचिवालय | २०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१. | का.स. | इमामुल हक खाँ | ९८४८०३०४५७ | नागरिकता प्रतिलिपी | १०६ |
| ३२. | का.स. | भिमा शर्मा | ९८६८२८९८६० | लेखा | ३०३ |
| ३३. | का.स. | पुनम पुन | ९८६८०३६९३१ | मुद्दा | १०९ |
| ३४ | का.स. | राम किशुन धोवी | ९८६४९५००३० | कर्मचारी प्रशासन | २०४ |
| ३५. | का.स. | राधेश्याम कोरी | ९८१६५६५०७२ | माली | |
| ३६. | क.अ. | यम बहादुर शाही | ९८४८०२१२१० | राष्टिय परिचय पत्र विवरण संकलन | १११ |
| ३७. | क.अ. | सुनिल राना मगर | ९८५८०७५४३८ | राष्टिय परिचय पत्र विवरण संकलन | १११ |
| ३८ | का.स. | निराजन शर्मा | ९८४९८०९६६८ | राष्टिय परिचय पत्र विवरण संकलन | १११ |
| ३९. | वि.द.अ. | उषा भण्डारी | ९८६८१५१६७५ | राष्ट्रिय परिचय पत्र | १११ |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. १३।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | २,५००।- नावालक (५ वर्ष)<br>५,०००।- साधारण<br>१०,०००।- द्रुत | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | - | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | - | तुरुन्त | |
| ७ | गुनासो वा ठाडो उजुरी | १०।-को टिकट | यथाशीघ्र | |
| ८ | नाम,थर उमेर आदि प्रमाणित | १०।-को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | संस्था दर्ता | १,०००।- | प्रक्रिया पुगेकै दिन | |
| १२ | संस्था नवीकरण | ५००।- | प्रक्रिया पुगेकै दिन | |

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १३ | संस्थाको विधान संशोधन | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | दलित, आदिवासी/जनजाती सिफारिस | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक १,०००।-<br>साप्ताहिक ५००।-<br>पाक्षिक ३००।-<br>मासिक २००।- | प्रक्रिया पुगेकै दिन | |
| १७ | छापाखाना दर्ता | १,०००।- | प्रक्रिया पुगेकै दिन | |
| १८ | हातहतियार नामसारी | १,०००।- | प्रक्रिया पुगेकै दिन | |
| १९ | हा.ह. जिल्ला भित्रको नवीकरण | १५००।- | प्रक्रिया पुगेकै दिन | |
| २० | हा.ह. नेपाल भरिको नवीकरण (हा.ह.को किसिम अनुसार) | - | प्रक्रिया पुगेकै दिन | |
| २१ | नाम,थर जन्म मिति संशोधन | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २२ | जातिय प्रमाणित | १०।-को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २३ | सार्वजनिक अपराध सम्बन्धी मुद्दा | | कानून वमोजिम | |
| २४ | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | १०।- को टिकट | यथाशिघ्र | |
| २५ | अन्य मुद्दा | १०।- को टिकट | यथाशिघ्र | |
| २६ | विष्फोटक पदार्थ ईज्जात–पत्र | - | यथाशिघ्र | |
| २७ | विष्फोटक पदार्थ ईज्जात–पत्र नविकरण | रु.५०।- | प्रक्रिया पुगेकै दिन | |

साथै अन्य शुल्क/दस्तुर नागरिक बडापत्रमा उल्लेख भए बमोजिम हुने ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

**ख) निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारीः प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

## ९. <u>निर्णय उपर उजुरी सुन्ने अधिकारी</u> : प्रमुख जिल्ला अधिकारी ।

**ग. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**कार्यालय प्रमुख :**

नाम : खगेन्द्र प्रसाद रिजाल

पद : प्रमुख जिल्ला अधिकारी

सम्पर्क न. : ९८५८०२७७७७

**घ. सूचना अधिकारी :**

नाम : जोरा सिंह माझी

पद : सहायक प्रमुख जिल्ला अधिकारी

सम्पर्क न : ९८५८०२०१८८

इमेल :

## १०. बिबिध तथ्याङ्क :

### १०.१ जिल्ला प्रशासन कार्यालय बाँकेबाट आ.ब. ०८०-८१ मा सम्पादित शाखागत विवरण

**नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र शाखा**

| क्र.स. | सम्पादित कार्यको विवरण | सख्या आ.ब. ०८०-८१ | कैफियत |
|---|---|---|---|
| १. | वंशजको आधारमा नागरिकता वितरण | ७७३७ | |
| २. | वैवाहिक अंगीकृत नागरिकता वितरण | ७६० | |
| ३. | अंगीकृत नागरिकता वितरण | ३० | |
| ४. | जन्मको आधारमा नेपाली नागरिकका सन्तानलाई वंशजको नागरिकता | १८७३ | |
| ५. | नागरिकताको प्रतिलिपि वितरण | ७४९३ | |
| ६. | राहदानी सिफारिस | ८७४० | |
| ७. | द्रुत राहदानी सिफारिस | ० | |
| ८. | NRN नागरिकता | १३ | |
| ९. | नागरिकता रद्द | ५ | |
| १०. | नागरिकता परित्याग | ६ | |
| ११. | राष्ट्रिय परिचय पत्र | १८५५८ | |
| | **ठाडो उजुरी तथा गुनासो शाखा** | | |
| १२. | गुनासो तथा ठाडो उजुरी दर्ता | ८४३ | |
| १३. | गुनासो तथा ठाडो उजुरी फछ्र्यौट | ८१२ | |
| | **स्थानीय प्रशासन शाखा** | | |
| १४. | नाम, थर, उमेर आदि प्रमाणित | ७४७ | |
| १५. | नाबालक परिचयपत्र वितरण | १९० | |
| १६. | संस्था दर्ता | ६१ | |
| १७. | संस्था नवीकरण | ३३५ | |
| १८. | पत्रपत्रिका दर्ता | २ | |

| क्र.स. | सम्पादित कार्यको विवरण | सख्या आ.ब. ०८०-८१ | कैफियत |
|---|---|---|---|
| १९. | हातहतियार नामसारी | १५ | |
| २०. | हातहतियार नविकरण | १४९ | |
| २१. | दलित, आदिवासी/जनजाती तथा अन्य सिफारिस/ प्रमाणित | १२४१ | |
| २२. | बजार अनुगमन | ४७५ | |
| | **मुद्दा शाखा** | | |
| २३. | अभद्र व्यवहार सम्बन्धी मुद्दा दर्ता | ३७३ | |
| २४. | अभद्र व्यवहार सम्बन्धी मुद्दा फछ्र्यौंट | ३४४ | |
| २५. | ते.प.बिमा सम्बन्धि मुद्दा दर्ता | २६ | |
| २६. | ते.प.बिमा सम्बन्धि मुद्दा फछ्र्यौंट | १५ | |
| २७. | जुवा मुद्दा दर्ता | १६ | |
| २८. | जुवा मुद्दा फछ्र्यौंट | १५ | |
| २९. | खाद्द सम्बन्धि मुद्दा दर्ता | ४ | |
| ३०. | खाद्द सम्बन्धि मुद्दा फछ्र्यौंट | ४ | |
| | **प्रशासन तथा सचिवालय शाखा** | | |
| ३१. | जिल्ला सुरक्षा समितिको बैठक | ४० | |
| ३२. | जिल्ला विपद व्यवस्थापन समितिको बैठक | ७ | |
| ३३. | सर्वपक्षिय बैठक | ८ | |
| ३४. | सूचना अधिकारीहरुको बैठक | ४ | |
| ३५. | कार्यालय प्रमुख बैठक | ११ | |
| ३६. | सीमा सुरक्षा बैठक )समकक्षि भारतीय जिल्ला) | ४ | |
| ३७. | धार्मिक सद्भाव बैठक | ११ | |
| ३८. | अन्तरजिल्ला समन्वय बैठक सञ्चालन | ३ | |

## १०.२ शान्ति सुरक्षा तथा अपराध नियन्त्रण सम्बन्धी कार्यहरु

**क. Crime mapping सहितको एकिकृत रणनीतिक सुरक्षा योजना २०७८ तर्जुमा तथा कार्यान्वयन;**

विगत ४ आर्थिक वर्षमा यस जिल्लामा घटेका सवै अपराधहरुको Nature, Trend र Frequency का आधारमा विश्लेषण गरी अपराधको सघनता पहिचान गरिएको छ । सोही अनुसार सबै सुरक्षा निकायहरुको समन्वय र सहकार्यमा एकिकृत सुरक्षा रणनीति अवलम्वन गरी समग्र शान्ति सुरक्षा र अपराध नियन्त्रणका कार्यहरु सञ्चालन गर्ने गरी उक्त योजना तर्जुमा गरिएको र प्रभावकारी रुपमा कार्यान्वय गरिदै आएको छ ।

**ख. जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन**

यस अवधिमा ५१ पटक जिल्ला सुरक्षा समितिको बैठक बसी शान्ति सुरक्षा र अपराध नियन्त्रणका विविध विषयहरुमा छलफल गरी निर्णय भएअनुसार कार्यान्वयन हुदै आएको छ ।

**ग. सूचना विश्लेषण ईकाई गठन तथा परिचालन**

सहायक प्रमुख जिल्ला अधिकारी जोरा सिंह माझीको संयोजकत्वमा सबै सुरक्षा निकायका अधिकृत कर्मचारीहरु सदस्य रहने गरी सूचना विश्लेषण ईकाई गठन भई सूचना संकलन, विश्लेषणको कार्य भैहरहेको छ । सोही अनुसार विभिन्न सुरक्षा कार्वाहीहरु समेत सञ्चालन भैरहेको छ ।

## १०.३ विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु

**क. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तर्जुमा, प्रकाशन तथा कार्यान्वयन**

विगत ४ वर्ष देखि घटेका विपद घटनाहरुको विश्लेषण गरी विपद जोखिमको वास्तविक अवस्था पहिचान गरिएको छ । जस अनुसार पूर्वतयारी प्रतिकार्य तथा तत्कालिन पुनर्लाभ सम्मका कार्यहरु सम्पादन गर्ने गरी जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार यस योजना तर्जुमा तथा प्रकाशन गरी यसै अनुसार समग्र विपद् व्यवस्थापन कार्य भैहरको छ ।। *(विस्तृत योजना www.daobanke.moha.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।)*

**ख. जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन र कार्यहरु**

विपद् व्यवस्थापन, राहत वितरण लगायतका विषयहरुमा छलफल गरी निर्णय गर्न यस अवधिमा ७ पटक जिल्ला विपद व्यवस्थापन समितिको बैठक सञ्चालन भएको छ ।

**ग. अन्य बिभिन्न बैठकहरु:**

हालसम्म आ.ब. भरि ११ पटक धार्मिक सदभाव समितिको बैठक बस्नुका साथै, ३ पटक जिल्ला स्थित बिभिन्न राजनैतिक दलका प्रतिनिधीहरुसँग बैठक सञ्चलन भएको ।

## १०.४ सुशासन सम्बन्धी कार्यहरु

**क. जिल्ला प्रशासन वार्षिक कार्ययोजना २०८१**

गृह सचिव र प्रमुख जिल्ला अधिकारी बीच भएको कार्यसम्पादन सम्झौता अनुसार सम्पादन गर्नुपर्ने तथा जिल्लागत वस्तुस्थिति समेतका आधारमा सम्पादन गर्नुपर्ने विषयहरु समावेश गरी जिल्ला प्रशासन वार्षिक कार्ययोजना तर्जुमा गरी समग्र क्रियाकलापहरु यसै कार्ययोजना अनुसार आवद्ध गरिएको छ ।

**ख. प्र.जि.अ. र स.प्र.जि.अ. तथा प्र.अ.हरुसंग कार्यसम्पादन सम्झौता तथा कार्य विवरणः**

जिल्ला प्रशासन सुधार कार्ययोजना लगायत कार्यालयबाट जारी गरिएका सबै योजना तथा कार्यजिम्मेवारी अनुसार सम्पादन गर्नुपर्ने कार्यहरु व्यावसायिक, गुणस्तरीय रुपमा सम्पादन गर्नका लागि प्रजिअ र सप्रजिअ तथा प्रशासकिय अधिकृतहरुसंग कार्यसम्पादन सम्झौता गरिएको ।

**ग. जिल्लागत मुल्याङ्कनमा बाँकेको अवस्थाः**

जिल्लागत मुल्याङ्कन अन्तरगत आ.ब. ०८०-८१ को प्रथम त्रैमासिकमा बाँके जिल्ला ७० औं स्थानमा रहेकोमा दोस्रो त्रैमासिकमा आइ ४९ औं स्थानमा आएको अवस्था । साथै चालु आ.ब.को तेस्रो त्रैमासिकमा भने बाँके १६ औं स्थानमा उक्लिन सफल भएकोमा हालसालै मात्र चौथो त्रैमासिकको नतिजा अनुसार जिल्लाको स्थान त्रैमासिकमा मात्र १२औं स्थानमा आउन सफल भएको हो भने समग्रमा बाँके २१ औं स्थानमा रहन सफल भएको छ ।

**Mobile Charging Station**: सेवाग्राहीहरुको प्रयोगको लागि नेपाल टेलिकम सँगको समन्वयमा १ थान Mobile Charging Station व्यवस्था गरिएको छ । आगामी दिनमा सेवाग्राहीको उच्च चाप भएका कार्यालयमा समेत यस प्रकारको सुविधा उपलब्ध गराउन नेपाल टेलिकम सँग अनुरोध गरिएको छ ।

**डिजिटल सार्वजनिक सेवा वडापत्रको व्यवस्था**: कार्यालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर, सम्बन्धित फाँट तथा कोठा नम्बर, जिम्मेवार कर्मचारी, गुनासो सुन्ने अधिकार लगायतको जानकारी सहितको डिजिटल सार्वजनिक सेवा वडापत्रको व्यवस्था गरिएको छ।

**नागरिक सहायता कक्षको व्यवस्था**: कार्यलयमा आउने सेवाग्राहीहरुलाई कार्यालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर, सम्बन्धित फाँट र कोठा नम्बर, जिम्मेवार कर्मचारी आदिको जानकारी प्रदान गर्ने, अशक्त अपाङ्गहरुलाई सेवा प्रवाहमा सहयोग गर्ने तथा सेवाग्राहीका तर्फबाट स्वयम् निवेदन लेखिदिने व्यवस्था सहितको नागरिक सहायता कक्षको व्यवस्था गरिएको ।

**गुनासो पेटिकाको व्यवस्था** : कार्यालयको सेवा प्रवाहको सम्बन्धमा गुनासो गर्ने निकाय वा पदाधिकारी समक्ष सोझै गुनासो गर्न नसक्ने वा नचाहनेहरुका लागि गुनासो पेटिकाको व्यवस्था गरी गुनासो सुनुवाई र व्यवस्थापनको प्रबन्ध मिलाईएको ।

ग. **अपाङ्गमैत्री कार्यालय संरचना** : कार्यालयको मुख्य प्रशासनिक भवनको भुईतलालाई अपाङ्गमैत्री हुने गरी बनाइएको र कार्य सञ्चालन समेत सोही अनुसार हुने गरी व्यवस्था गरिएको छ ।

## १०.५ उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु

### क. बजार अनुगमन तथा सुरपरीवेक्षण

बजारको अनुगमनको सन्दर्भमा जनस्वास्थ्य मापदण्ड पालना सम्बन्धमा ४७५ पटक जिल्लामा बजार क्षेत्रको अनुगमन गरिएको छ ।स्थानीय तह,विषयगत कार्यालयहरु सहितको अनुगमन टोली मार्फत नियमित रुपमा बजार अनुगमन भइरहको ।

ख. विभिन्न मितिमा गैर कानूनी रुपमा व्यापार संचालन गरेका व्यवसायीहरुलाई नगद जरिवाना गरिएको तथा बराबरको मालवस्तु नष्ट गरिएको, उल्लेखित विस्तृत विवरण देहाय बमोजिम छ,

| महिना | फर्मको संख्या | जफत/नष्ट मालवस्तु | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| श्रावण | ५० वटा | रु ४८३७०/- | रु ३५००/- | |
| भाद्र | - | - | - | |
| असोज | - | - | - | |
| कार्तिक | १२४ वटा | रु ९६२२४/- | रु ५५०००/- | |
| मंसिर | ३३ वटा | रु ६९२५०/- | रु ७००००/- | |
| पौष | ८१ वटा | रु ३४२४९०/- | रु २१५०००/- | |
| माघ | १७ वटा | रु १४२९७०/- | रु २३००००/- | |
| फागुन | ७० वटा | रु ४५६२५/- | - | |
| चैत्र | ४२ वटा | रु ३२४९०/- | रु १५५०००/- | |
| बैशाख | ५६ वटा | रु २८७५०/- | रु २८५०००/- | |
| जेठ | ४६ वटा | - | रु २७०००/- | |
| असार | १३ वटा | रु १०३७५०/- | रु १५०००/- | |
| जम्मा | ५३२ वटा | रु ९०९९०९/- | रु १०,५५,५००/- | |

## १०.६ सूचनाको हक कार्यान्वयन सम्बन्धी कार्यहरु

### क. सूचना अधिकारीको लागि छुट्टै मोवाईल नम्बर

सूचना अधिकारीहरुसंग आम नागरिकहरुको सहज पहुँच स्थापित गर्ने तथा कार्यालयको संस्थागत स्मरण कायम गर्ने गराउने उद्देश्यले सबै सरकारी कार्यालयहरुका सूचना अधिकारीहरुको लागि छुट्टै मोबाईल नम्बर उपलब्ध गराउन निर्देशन गरिएको छ ।

**ख. Proactive Disclosure प्रकाशन**

सबै सरकारी निकायहरबाट नियमित रुपमा **Proactive Disclosure** गर्ने गरी अनुरोध निर्देशन गरिएको र सो को कार्यान्वयन भैरहेको छ ।

**ग. नियमानुसार सूचना उपलब्ध गराउन स्थानीय तहलाई अनुरोध**

स्थानीय तहहरुबाट माग भए अनुसारको सूचना प्राप्त नभएको भनि गुनासो पर्न आएकोले सबै स्थानीय तहलाई सूचनाको हक सम्वन्धि ऐन अनुसार सूचना दिन सकिने सूचनाहरु तत्काल उपलब्ध गराउन लिखित अनुरोध गरिएको र सो कार्यान्वयन भैरहेको ।

**घ. कार्यालयको वेभ साईट तथा फेसवुक नियमित अद्यावधिक**

कार्यालयका समग्र गतिविधि तथा दस्तावेजहरु तत्कालै कार्यालयको वेभ साईट तथा फेसवुकमा राखी नियमित अद्यावधिक गर्ने गरिएको छ । माथि उल्लेख भएअनुसारका सबै दस्तावेजहरु यस कार्यालयको वेभ साईटमा उपलव्ध छ ।

## १०.७ अन्य

**क) कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षा/विश्राम कक्ष निर्माण तथा कार्यालय परिसर सौन्दर्यकरण**

सेवाग्राहीलाई सेवा लिन आउँदा प्रतिक्षा गर्न वातानुकुलीत सेवाग्राही प्रतिक्षालयको निर्माण यस तीन महिनाको अवधिमा गरिएको छ । साथै कार्यालयको कम्पाउण्डमा गार्डेन ब्लक बिछ्याई कम्पाउण्डमा बिभिन्न फूलहरु तथा पानी पोखरी सहितको आकर्षक बगैचा निर्माण समेत गरिएको छ । राजश्व दाखिला गर्न नेपाल बैक लिमिटेडसँग सहज रुपमा जाने गरी इनर पाथ वे को निर्माण गरि सञ्चालन गरिएको ।

**ख) पार्किङ स्थल निर्माण**

यस परिसर भित्र ३ वटा व्यवस्थित पार्किङ स्थलहरु निर्माण गरिएको ।

**ग) कार्यालय परिसरमा रहेको पोखरीको सरसफाई तथा सौन्दर्यीकरण**

**घ) वैदेशिक रोजगार परामर्श केन्द्रको स्थापना र संचालन**

## ११. सम्वन्धित ऐन, नियम, विनियम वा निर्देशिकाहरु : यस कार्यालयको वेवसाइट

*www.daobanke.moha.gov.np* मा हेर्न सकिने छ ।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**क. आम्दानीको विवरण**

| सि.नं. | आम्दानीको स्रोत (राजश्व) | रकम | कैफियत |
|---|---|---|---|
| १ | परीक्षा शूल्क | ३२६०० | |
| २ | राहदानी शुल्क | ४५६२००१० | |

| सि.नं. | आम्दानीको स्रोत (राजश्व) | रकम | कैफियत |
|---|---|---|---|
| ३ | कम्पनि रजिष्ट्रेशन शुल्क (संस्था दर्ता तथा नविकरण) | ५२२३०० | |
| ४ | हात हतियार ईजाजतपत्र नविकरण | ११८८९५० | |
| ५ | न्यायिक दस्तुर | ७३००० | |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क | ६२००० | |
| ७ | प्रशासनिक दण्ड/जरिवाना/जफत | ९९१८५८ | |
| ८. | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | ८६,३४५ | |
| ९. | बेरुजु | ३३६५९१५८.४२ | |
| | जम्मा | ८२,२३६,२२१.४२ | |

## ख. धरौटीको विवरण

| सि.नं. | शिर्षक | रकम (२०८० श्रावण देखि २०८१ अषाढ मसान्त सम्म) | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक अपराध (जम्मा) | २०९५९२६ | |
| २ | सार्वजनिक अपराध (फिर्ता) | १८२०६६.५ | |
| | सदर स्याहा | २२७७९९२.५ | |

## ग. पूजिंगत तर्फ कुल खर्च विवरणः

| खर्च वित्तिय संकेत नं. | खर्च वित्तिय शिर्षक | अन्तिम बजेट रु. | खर्च रकम रु. |
|---|---|---|---|
| ३११२२ | मेसीनरी तथा औजार | ५०,००००/- | ४९२७२५/- |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ५०,००००/- | ४९९९८१/- |
| ३११५९ | अन्य सार्वजनिक निमार्ण | २०,००००/- | १३७१२४.१४/- |
| ३११७३ | पुजिगत सुधारखर्च सार्वजनिक निर्माण | ५०,००००/- | ४८१७१२.०७/- |
| | जम्मा | १७,०००००/- | १६११५४२.२१/- |

## घ. चालु खर्च तर्फ कूल खर्चको विवरणः

व.उ.शिर्षक नः ३१४९२०११३ चालु

| खर्च वित्तिय संकेत नं. | बजेट शिर्षक | अन्तिम बजेट रु. | खर्च रकम रु. |
|---|---|---|---|
| २१११२१ | पारिश्रमिक कर्मचारी | १९५७१०००/- | १८५६४६२६.९०/- |
| २११२१ | पोशाक | ३१००००/- | २८००००/- |
| २११३२ | महंगी भत्ता | ७४४०००/- | ६९९६००/- |

| | | | |
|---|---|---|---|
| २११३४ | कर्मचारीको बैठक भत्ता | २३८०००/- | १२५२५०/- |
| २११३९ | अन्य भत्ता | ८००००/- | ४०००/- |
| २१२१२ | योगदानमा आधारित निवृत्तिभरण | १५८००००/- | १०८२१९.४४/- |
| २१२१३ | योगदानमा आधारित विमा कोष | १४९०००/- | १२८१४७/- |
| २२१११ | पानी तथा बिजुली | ९५१०००/- | ९५१०००/- |
| २२११२ | संचार महसुल | ३०००००/- | २२०७२७/- |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ७३१०००/- | ७३०३०१/- |
| २२२१३ | सवारी साधन मर्मत | ५९५०००/- | ४५८६३८/- |
| २२२१४ | बिमा तथा नविकरण | २०००००/- | १६९४०७.२४/- |
| २२२२१ | मेसनरी तथा औजार मर्मत | २०००००/- | १९९९३३/- |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत खर्च | २५२०००/- | २४९८२५.८४/- |
| २२२९१ | अन्य सम्पत्तिको संचालन तथा मर्मत | १०००००/- | ९४९७६/- |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्रि | ७३३०००/- | ७३२५०५/- |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ६००००/- | ५८६१०/- |
| २२३१५ | पत्रपत्रिका तथा छपाई | १०००००/- | ९९९२०/- |
| २२४१९ | अन्य सेवा शुल्क | ३३६७०००/- | २९३४९२६/- |
| २२५११ | कर्मचारी तालिम खर्च | ५००००/- | ४००००/- |
| २२५२२ | कार्यक्रम खर्च | ७५००००/- | ३७७५११/- |
| २२५२९ | बिबिध कार्यक्रम खर्च | १२००००/- | ६३६०९/- |
| २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ५६००००/- | ५३१८४७/- |
| २२६१२ | भ्रमण खर्च | २५००००/- | २४५५६८/- |
| २२७११ | विविध | ४०००००/- | ३९५१४५/- |
| २२१११ | सामाजिक सुरक्षा खर्च | ३६१२०००/- | ३३७२०००/- |
| २७२१२ | उद्दार, राहत तथा पुर्नस्थापना खर्च | ८४०००/- | ८४०००/- |
| जम्मा | | ३४६६५०००/- | ३१९२०२९२.४२/- |

## ङ. आयोजना कार्यक्रमको नामः राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग

बजेट उपशिर्षक नं.

| सि.नं. | खर्च वित्तिय संकेत नं. | खर्च वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | २११३४ | कर्मचारीको बैठक भत्ता | २००००/- | १५३००/- |
| २ | २२२२१ | मेसीनरी औजार मर्मत संभार तथा संचालन खर्च | ४००००/- | १९५००/- |
| ३ | २२३११ | मसलन्द तथा कार्यालय सामार्गी | १८००००/- | १७९९६४/- |

| सि.नं. | खर्च वित्तिय संकेत नं. | खर्च वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| ४ | २२४१९ | अन्य सेवा शुल्क | ११६००००/- | १०५३३१४/- |
| ५ | २२६११ | अनुगमन मूल्याङ्कन खर्च | १५०००/- | - |
| ६ | २२७११ | विविध खर्च | ६००००/- | ५९८७३/- |
| | जम्मा | | १४७५०००/- | १३२७९५१/- |

**च. खर्चको विवरण-**

| सि.नं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च (३१४९२०११३) | ३१९२०१३५ | वार्षिक |
| | राष्ट्रिय परिचय पत्र (३१४०१०११३) | १३२९२२६ | वार्षिक |
| २ | पूजीगत खर्च (३१४९२०११४) | १६११५४२.२१ | वार्षिक |
| ३ | कार्यसञ्चालन कोष (विविध) संघ | ७६०३९८८५३ | धान बाली राहत समेतको खर्च |
| | कार्यसञ्चालन कोष (विविध) प्रदेश/स्थानीय तह | २००००० | कोबिड राहत रकम भुक्तानी |
| जम्मा | | ७९५४५९७५६.२१ | |

## १३. शान्तिसुरक्षा एवम् सुशासन तर्फ सम्पादन भएका कार्यहरु :

१३.१. शान्तिसूरक्षा तथा अपराध नियन्त्रणतर्फ सुरक्षा सतर्कता उल्लेख्य रुपमा बढाई आपराधिक घटना र अबैध चोरी निकासीका घटनाहरु उल्लेख्य रुपमा नियन्त्रणमा ल्याउनुका साथै जिल्लाको सुरक्षा ब्यवस्था चुस्त दुरुस्त पारिएको ।

- कार्यालयबाट प्रवाह गरिने सेवाप्राप्त गर्न आउने सेवाग्राहीलाइ प्रक्रिया पुरागरी आवश्यक कागजात सहित उपस्थित भएका हकमा छिटोछरितो रुपमा वा सोहिदिनमा सेवा प्राप्त गर्ने ग्यारेन्टी गरिएको ।
- भष्ट्राचारमा सून्य सहनशिलताको अवधारणा अनुरुप त्यस्ता गतिबिधी हुन नपाउने गरी सेवा प्रवाहमा पारदर्शिता कायम गरिएको ।
- कार्यालयले प्रदान गर्ने सेवाका लागि आवश्यक पर्ने फाराम, निवेदन र अनलाइन फाराम समेत कार्यालयबाटै नि:शुल्क भर्ने ब्यवस्था मिलाइएको ।
- सडक सुरक्षा र सवारी दुर्घटना न्यूनिकरणका लागि ट्राफिक प्रहरीको नेतृत्वमा सरोकारवाला र बिद्यालयहरुमा समेत जनचेतनामूलक कार्यक्रम संचालन गरिएको ।

- कार्यालयबाट प्रवाह गरिने सेवा सम्बन्धी कुनै गुनासो भए कार्यालयको आफ्नै त्तच ऋयमभ को माध्यमबाट गुनासो, सुझाव तथा पृष्ठपोषण गर्न सक्ने डिजिटल प्रबिधिको प्रयोग गर्ने व्यवस्था मिलाइएको ।
- जिल्ला भित्र रहेका २१ वटा पुर्नस्थापन केन्द्रहरु मध्ये हाल संचालनमा रहेका १९ वटा पुर्नस्थापना केन्द्रहरुको स्थलगत अनुगमन गरी कार्यबिधिमा तोकिएका मापदण्डहरुको पूर्णरुपमा पालना गर्न निर्देशन दिइएको ।
- उपभोक्ता हित संरक्षण तर्फ जिल्ला भित्र बस्तु तथा सेवामा आम जनताको सहज पहुँचका लागि सरोकारवाला निकायहरु समेतको सहभागितामा बजार अनुगमनलाई तिब्रता दिइएको ।
- विपद पूर्वतयारी, उद्दार, राहत र पुर्नस्थापनालाई जिल्ला विपद व्यवस्थापन समितिबाट सम्भावित विपदलाई मध्यनजर गर्दै विपद प्रतिकार्य योजना बनाई सोही अनुरुप उद्दारमा खटिने सबै संयन्त्रलाइ तयारी अवस्थामा राखिएको ।
- यस जिल्लाको छिमेकी मुलुकसँग ६९ कि.मि. सिमा जोडिएकोमा नेपालको तर्फबाट मर्मत सम्हार गर्नुपर्ने ४७ (सतचालिस) वटा सहायक स्तम्भ र ७ (सात) वटा मुल स्तम्भको मर्मत सम्हार सम्पन्न गरिएको ।
- कारागारलाई सुधार गृहको रुपमा बिकाश गर्न कारागारमा रहेको अत्याधिक चापलाई मध्यनजर गर्दै नौवस्ता क्षेत्रिय कारागारमा कैदीबन्दी राख्ने व्यवस्था मिलाइएको। जिल्लामा रहेको बालसुधार गृहलाई व्यवस्थीत गर्न उमेर समुह र बालबिज्याइँकर्ताहरुको मनोभावनालाई दृष्टिगत गरि अपराधिक मानसिकता बोकेकाहरुलाई सुरक्षाको दृष्टिकोणले नौवस्ता कारागारको छुट्टै भवनमा स्थानान्तरण गरि बालसुधार गृह र कागारार व्यवस्थापनको कार्य गरिएको ।

- जिल्ला भित्र अतिक्रमित सार्वजनिक र सकारी जग्गा तथा सम्पक्तिको विवरण, अतिक्रमित जग्गा तथा सम्पक्ति साबिककै अवस्थामा फिर्ता ल्याउन गरिएका कार्यहरु र हालसम्म अतिक्रमण हटाई साबिककै अवस्थामा ल्याएको जग्गा तथा सम्पत्तिको विवरण:
    - जिल्ला स्थित सरकारी कार्यालयहरुमा अतिक्रमित जग्गाहरुको विवरण माग गरिएको।
    - ४० हेक्टर अतिक्रमित वन क्षेत्र खालि गराईएको ।
    - जिल्लामा सार्वजनिक सूचना जारि गरि जग्गा अतिक्रमण सम्बन्धि सूचना प्रवाह गरिएको ।
    - अतिक्रमित जग्गा तथा सम्पक्ति फिर्ताका लागि सशस्त्र प्रहरी तथा नेपाल प्रहरीलाई परिचालन गरिएको ।
- राजश्व चुहावट नियन्त्रणका लागि गरिएका मुख्य मुख्य कार्यहरु र सोबाट प्राप्त उपलब्धीहरु:
    - राजश्व चुहावट नियन्त्रण सम्बन्धमा १० वटा सचेतनामूलक कार्यक्रमहरु गरिएको ।
    - राजश्व चुहावट सम्बन्धि बैठक यस अवधिमा ३(तिन) पटकसम्म गरिएको ।
    - भन्सार गस्ती कार्यलाई तदारुकताका साथ अगाडी बढाउन भन्सार कार्यालयलाई निर्देशन गरिएको ।
    - नियमनकारी निकाय तथा सरोकारवाला प्रतिनिधि समेतको संलग्नतामा बजार अनुगमन कार्यलाई निरन्तरता दिइएको ।
    - भंसार, प्रहरी, राजश्व अनुसन्धान तथा प्रशासनको समेत संलग्नता हुने गरी संयुक्त अनुगमन गस्ति कार्य अघि बढाइएको ।

- गैर कानूनी रुपमा ओसार पसारबाट भएको मालबस्तुको नियन्त्रणबाट चालु आ.ब.को हालसम्मको अवधिमा जम्मा राजश्व रकम रु.१,८४,२५,८२१।- संकलन भएको ।
- राजश्व संकलन अभिबृद्धि भएको ।
- बजार अनुगमनबाट जनचेतना अभिबृद्धि गरि जरिवाना बापत राजश्व रकम रु.१०,४०,५००।- संकलन गरिएको ।
- अधिकांश शान्ति सुरक्षा र जिउ ज्यानको सुरक्षा सम्बन्धी कार्य गरेको र केही सम्पत्ति सुरक्षा सम्बन्धी उजुरीको सुनुवाई गरी सुरक्षाको प्रत्याभुति दिइएको ।

१३.२ प्रदेश स्तरीय सुरक्षा गोष्ठि सम्पन्न भएका जिल्लाहरुमा सुरक्षा गोष्ठिमा माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यू र श्रीमान गृह सचिवज्यूबाट दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्था:

- साधन स्रोतको चरम अभावका बाबजुत जिल्लामा आईपर्ने जस्तोसुकै समस्याहरुको समाधानका लागि सहकार्य, समन्वय माफर्त कार्यान्वयन भएको ।
- निर्देशन बमोजिम जिल्ला स्थित कारागार तथा बालसूधार गृहको सुरक्षा व्यवस्था मिलाउनुका साथी बालसुधार गृहबाट अराजक गतिबिधि गर्ने बालबिज्याइँकर्तालाई नौबस्ता कारागारको छुट्टै भवनमा राखिएको ।

१३.३ पछिल्लो ३ महिनामा सुशासन, सेवा प्रवाह, विकाश सहजीकरण क्षेत्रमा जिल्लाबाट सम्पादन भएका अन्य उल्लेखनीय कार्यहरु:

- कार्यालयबाट सेवा प्राप्त गर्न बुझाउनु पर्ने रावश्व रकम दाखिलाका लागि सेवाग्राहीको सहजताका लागि कार्यालय परिसर भित्रबाटै नेपाल बैंक लिमिटेडको राजश्व काउन्टर मार्फत राजश्व बुझाउने व्यवस्था मिलाइएको ।
- कार्यालय सौदर्यीकरण गरिएको ।
- जिल्ला स्थित राष्ट्रिय स्तरका विकास आयोजनाहरु निवार्धरुपमा संचालन गर्न आवश्यक सहजिकरण तथा नियमित अनुगमन निरिक्षण भएको ।
- जिल्ला स्थित सरकारी कार्यालयहरुको नियमित निरिक्षण गरि सुशासन कायम राख्न पहल गरिएको ।
- यस अवधिभित्र सिमावर्ती काउन्टरपार्ट सुरक्षा बैठक २ पटक सम्पन्न गरिएको ।
- लागुऔषध नियन्त्रण सम्बन्धमा सचेतना कार्यक्रमहरु गरि सिमापार लागुऔषध ओसारपसारलाई न्यूनिकरण गरिएको ।
- बिपद व्यवस्थापन सम्बन्धि बैठक बसी कृत्रिम बाढी, मनसुन अभ्यास कार्याक्रम सम्मन्न गरिएको ।
- जिल्लामा पछिल्लो समयमा सामाजिक तथा धार्मिक सदभाव कायम राखिएको ।
- जिल्लाका सरकारी कार्यालयहरुमा बिचौलिया रहित सेवाको शुरुवात गरिएको ।
- राजस्व तिर्न बैंक (सेवाग्राही बिच सोझो पहुच स्थापना (Inner Gate & Inner Access Path निर्माण सम्पन्न)
- पुरानो मुद्दा तर्फ फैसलाको २०% को स्थितिलाई ८१.४५% र नयाँ दर्ता भएका मुद्दातर्फ फैसलाको ९.५% को स्थितिलाइ ९४% को उच्च बिन्दुमा पुर्याउन सफल ।
- नागरिक गुनासो र पृस्ठपोषणको लागि QR Code मार्फत सेवाग्राहीसँग सुझाव लिने डिजिटल प्रबिधिको अभ्यास गरिएको ।

- बेरुजु फछ्यौट तर्फ ९५% प्रगति पुऱ्याइएको ।
- बन्दिको सुबिधामा सोझो पहुच (Prisoners' Direct Access to Facility) को सुरुवात गरिएको ।
- बर्षौ देखि अनाधिकृत कब्जा भएको पशु क्वारेन्टाइनको सरकारी पक्कि भवन फिर्ता गराईएको ।
- राजमार्गमा गैर कानूनि सवारी पार्किङ शुल्क असुल्ने कार्य माथि रोक ।
- SEE परीक्षामा WhatsApp Group नै बनाई चिट चोर्ने-चोराउने कार्यमा संलग्न बिद्यालयका प्रधानाध्यापक, शिक्षकहरु समेत उपर मुद्दा चलाईएको, केन्द्राध्यक्ष सहितको सम्पुर्ण टिमलाईनै तत्कालै जिम्मेवारीबाट हटाईएको ।
- प्रश्नपत्र आउट गराई उत्तर सप्लाई गर्ने कन्सल्टेन्सि उपर मुद्दा दर्ता ।
- सरकारी अनुदान प्राप्त मल हिनामिना गर्ने सहकारी उपर २ लाख जरिवाना ।
- सिमा क्षेत्रबाट पेशेवर तवरले नियमित तस्कर गर्ने १५ जना ब्यक्ति उपर मुद्दा चलाईएको ।

## १४. अन्य विवरण :

**१३.१ वेभ साईट को विवरण** : www.daobanke.moha.gov.np

**१३.२ सूचना अधिकारीहरुको विवरण** : यस जिल्लाका सवै सरकारी तथा सार्वजनिक निकायका सूचना अधिकारीहरुको सम्पर्क विवरण जिल्ला प्रशासन कार्यालयको Website मा राखिएको छ ।

विस्तृत विवरण https://daobanke.moha.gov.np मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

## १५. केही तस्बिरहरु :



सिमावर्ती द्विपक्षीय सुरक्षा बैठक




सिमावर्ती द्विपक्षीय सुरक्षा बैठक



<u>जयन्दु बालसुधार गृहको अनुगमन</u>




<u>अबैध लागूऔषध दूरूपयोग तथा ओसारपसार बिरूद्धको अन्तराष्ट्रिय दिवश</u>



<u>जयन्दु बालसुधार गृहको अनुगमन</u>



<u>नेपालगंज जमुनहा नाकामा अबैध सामान ओसारपसारको अनुगमन</u>



पेट्रोल पम्प अनुगमन



जमुनाहा भन्सार नाकामा अनुगमन



जमुनाहा भन्सार नाकामा अनुगमन



District Administration Office Banke
December 24, 2023 ·

✍ बाँकेमा कृयाशिल संघ/सस्थाहरुसंग आज २०८० पौष ८ गते समन्वय बैठक संपन्न भएको छ , करिव २ दर्जन संघ/सस्था तथा निकायको सहभागिता रहेको कार्यक्रममा विपदका क्षेत्रमा कृयाशिल संघ/सस्थाहरुबाट प्रस्तुतिकरण समेत भएको छ ।
शितलहर प्रतिकार्यको क्षेत्रमा एक साथ मिलेर अघि बढ्ने प्रतिबद्वा ब्यक्त भएको छ ।






<u>नवनियुक्त प्रदेश सरकारका शहरी बिकास मन्त्री मा. कृष्णा के.सि. नमूना ज्यूलाई शान्तिसुरक्षा सेवा प्रवाह र सुशासनको अद्यावधिक अवस्थाको ब्रिफिङ गर्दै</u>

# कार्यालय परिसर सरसफाई





राप्ति नदि स्थित नदीको मापन सतह बढे पश्चात बाढी पुर्व तयारी अवलोकन




जाजरकोट-रूकुम भूकम्पमा छिमेकी राष्ट्र भारतबाट दुताबास मार्फत प्राप्त सहयोग प्राप्त गर्दै



पेट्रोल पम्प अनुगमन



भारतीय सिमावर्ती जिल्लाका समकक्षीहरूसँगको सुरक्षा बैठक




भारतीय सिमावर्ती जिल्लाका समकक्षीहरूसँगको सुरक्षा बैठक पश्चात सिमास्तम्भ अनुगमन



भारतीय सिमावर्ती जिल्लाका समकक्षीहरूसँगको सुरक्षा बैठक पश्चात सिमा-नाका अनुगमन

<u>नेपाल भारत सिमावर्ती जिल्लाका जिल्ला सुरक्षा समिति बैठक</u>






अयोध्या स्थित राम मन्दिरमा प्राण प्रतिष्ठा हुँदाका बखत नेपालगंजमा सदभाव सम्बन्धि पहलहरू






सितलहरका बखत बिपन्न बर्गलाई अत्यावश्यक न्यानो कपडाहरू सहयोग गर्दै




धार्मिक सद्भाव सम्बन्धि सुरक्षा योजना तयार पश्चात सुरक्षा समिती तस्बिर खिचाउँदै

आज माघ १० गते राप्ती सोनारिको सिमान्त बस्ती प्रवेश गरि अत्यन्तै बिपन्न जेस्थ नागरिक , अपांगता भएकाहरुलाई लक्षित गरि १६ वटा ब्ल्यांकेट , राप्ती सोनारिकै अभिभावक बिहिन असहाय बालबालिका रहेको केन्द्रमा स्थलगत रुपमा १३ थान ब्ल्यांकेट बितरण गरियो !! --- cdo banke



<u>सितलहरका बखत बिपन्न बर्गलाई अत्यावश्यक न्यानो कपडाहरू सहयोग गर्दै</u>



अबैध मल भित्रीएको सूचना पश्चात अनुगमन टोली





कार्यालय परिसर सौदर्यकरण अभियानका तस्बिरहरू

## कार्यालय परिसर सौदर्यकरण अभियानका तस्बिरहरू






लागु औषध उपचार तथा रिहाब सेन्टर अनुगमन

सेवाग्राहीलाई राजश्व दाखिला गर्न सहजताको लागि बैङ्क परिसरमा जाने ईनर पाथ बनाइँदै





पेट्रोल पम्प अनुगमन




<u>लागु औषध नियन्त्रण सम्बन्धि सचेतनामूलक कार्यक्रम</u>






बजार अनुगमन



नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, बाँके ।

फोन नं: +977-081-530188 (C.D.O.), (C.D.O. Mobile No. +977-9858027777 ),

(A.C.D.O. Mobile No. +977-9858020188 & +977-9858070188)

फ्याक्स नं. : +977-081-520676

इमेल : cdonpj@gmail.com

: daobanke@moha.gov.np

वेबसाइट : http://daobanke.moha.gov.np/

**Facebook :** https://www.facebook.com/daobanke

**Twitter :** https://twitter.com/daobanke